# बौद्ध संस्कार



सम्पादकः

**भिक्षु अश्वघोष**

Downloaded from http://dhamma.digital/

# बौद्ध संस्कार



सम्पादकः

**भिक्षु अश्वघोष**

आनन्दकुटी विहार
स्वयम्भू, काठमाडौं।

Dhamma.Digital

प्रकाशकः

**सानुरत्न स्थापित**

ज्याठा, छुस्या बाहा

Downloaded from http://dhamma.digital/

प्रकाशकः

**सानुरत्न स्थापित**

ज्याठा, छुस्या बाहा

प्रति : १०००

गुरु पूर्णिमा

बुद्धसम्वत्  २५४४
नेपालसम्वत् ११२०
इस्वीसम्वत् २०००
बिक्रमसम्वत् २०५७

टाइप सेटिङ :
रामकृष्ण लाखिछाये, गोविन्द ट्यूमत र सुरेन्द्रकुमार राजथला

मुद्रक :
**न्यू नेपाल प्रेस**

प्रधान कार्यालय :
नक्साल, नागपोखरी, काठमाडौं
फोन : ४३४८५०, ४३४७५३
फ्याक्स : (९७७-१) ४३३९२९

शाखा कार्यालय :
शुक्रपथ, न्यूरोड, काठमाडौं
फोन : २५९०३२, २५९४५०
फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://dhamma.digital/

## दिवंगत पिता भीमरत्न र माता हेरामाया स्थापितको पुण्यस्मृतिमा धर्मदान



**श्री भीमरत्न स्थापित**
जन्म : ने. सं. १०१० सिल्लागा १२
मृत्यु : ने. सं. १०७८ थिंलाथ्व ७

**श्रीमती हेरामाया स्थापित**
जन्म : ने. सं. १०१२ दिल्लाथ्व ७
मृत्यु : १०८८ सिल्लागा १३

**धर्मदान दाता**

## श्री सानुरत्न स्थापित

Downloaded from http://dhamma.digital/

# दुई शब्द

प्रस्तुत पुस्तकको नाउँ बौद्ध संस्कार राखिदिएको छु । यसमा शील प्रार्थना देखि बुद्ध पूजा तथा जन्मदेखि मृत्युसम्म गर्नुपर्ने संस्कार विधि समावेश भएको छ । नवागत जनजाति बौद्ध एवं परम्परागत बौद्धहरुको लागि बौद्ध चर्याविधि अथवा बौद्ध संस्कार सम्बन्धी पुस्तक नेपालीमा लेखेर छाप्नुपर्छ भन्ने बारम्बार माँग गरेर बाध्य तुल्याई दिएकोले प्रस्तुत पुस्तक शीघ्रातिशीघ्र सम्पादन गर्नु परेको थियो । पहिलो संस्करण २०३६ सालमा छापेको थियो । धेरै वर्ष पहिले देखि प्रस्तुत पुस्तक अभाव थियो । भाषा अशुद्धितिर ध्यान नदिई मुख्य कुरोतिर ध्यान दिनुहुन सम्पादकको विनम्र अनुरोध छ ।

प्रस्तुत पुस्तक भिक्षु धर्मरक्षितद्वारा लिखित बौद्धचर्या विधि, भिक्षु विमलानन्दद्वारा लिखित त्रिरत्न वन्दना तथा सुमन वात्स्यायनद्वारा लिखित शील र मैत्री भावना पुस्तकहरुको आधारमा सम्पादन गरिएको हो ।

श्री सानुरत्न स्थापितले अलग्गै एक हजार प्रति छाप्नलाई चाहिने आर्थिक सहयोग गर्नुभएकोमा वहाँप्रति धन्यवादको साथै कृतज्ञता प्रकट गर्दछु ।

राम्रो र शीघ्र छापिदिनु भएकोमा न्यू नेपाल प्रेस परिवार लाई पनि धन्यवाद छ ।

भिक्षु अश्वघोष

१५ भाद्र २०५७
संघाराम

Downloaded from http://dhamma.digital/

# बौद्ध जीवन संस्कार

संस्कारद्वारा मानव जीवनको स्तर सुसंस्कृत भएर माथी उठ्छ । मानव समाजको अति प्राचीनकालदेखिं यस्तो विश्वास चलिरहेको छ। यसै कारणले हरेक देश एवं हरेक जातिमा जन्मैदेखि मृत्युसम्म केहि न केहि संस्कार प्रचलित भई आईरहेका छन् । यी संस्कार जीवनको आवश्यकता एवं अवस्थानुसार नै हुन्छ र त्यस्तो समाजमा बडो महत्व हुन्छ । यी संस्कारहरूद्वारा मनुष्य प्रभावित भएर कल्याण मार्गको अनुगमन गर्दछन्। यसले गर्दा मानिसको अहित हुँदैन । यद्यपि केही रूढीवादिहरू सम्मिलित भएको हुनाले संस्कार कार्यमा विकार उत्पन्न हुन्छन् र कहिले कहिले चाहिं हितको सट्टा अहित हुन थाल्दछ, तर यथार्थतः संस्कार कर्महरूको गुण मानव जीवनलाई सुधारनु नै हो । जब संस्कार कर्मद्वारा अहित र कुभलो भावको अवस्था हुन थाल्छ, अनि उसलाई संस्कार नभनिकन कुसंस्कार भन्नु जाति होला । मानिसलाई यस्तो कुसंस्कारबाट बचाउनु नै सद्संस्कारका उपयोग र महत्व हुन्छ ।

विभिन्न देशको जीवन–संस्कार अलग अलग किसिमका हुन्छन् । हावा-पानी, अवस्था, भोजन, धर्म, संस्कृति आदि सबैको प्रभाव जीवन संस्कारमा पर्दछ । देश, जाति, हावापानी एवं अवस्थाका भिन्नताको कारण एक नै धर्मावलम्बी भए पनि अलग अलग संस्कृति र नाना प्रकारका संस्कार विधिहरू हुन्छन् भन्ने देखिन आउँछ ।



Downloaded from http://dhamma.digital/

बुद्ध धर्ममा धार्मिक रूपमा अथवा सिद्धान्ततः संस्कारको लागि केहि महत्वपूर्ण स्थान छैन, तैपनि सामाजिक व्यवस्था एवं प्रचलन अनुसार प्रायः ९ संस्कार प्रचलित छन्। ती यस प्रकार हुन्:-

१) गब्भमङ्गल २) नामकरण ३) अन्नपासन ४) केसकप्पन ५) सिप्पारम्भ ६) विवाह ७) पब्बज्जा ८) उपसम्पदा ९) मतकवत्थदान (मृत्यु)।



Downloaded from http://dhamma.digital/

# संस्कार

मानिसको जीवनमा संस्कारहरूको बडो महत्व रहेको छ । संस्कारहरूद्धारा नै व्यक्ति सुसंस्कृत एवं सभ्य हुन सक्छ । प्राचीनकालदेखि मानव समाजमा संस्कार कर्ममा विश्वास चलिरहेको छ । यसै कारण प्रत्येक देश एवं जातिमा देश-समयको अनुसार संस्कार प्रचलित छन् । बौद्ध समाजमा पनि संस्कारहरूको विधान छन् । हिजो आज सबै बौद्ध देशहरूमा केहि न केहि संस्कार प्रचलित छन् । नेपाली बौद्धहरूमा पनि परम्परादेखि यी संस्कार चलिरहेको पाइन्छ । हामी यहाँ क्रमशः संस्कारहरूको परिचय एवं पद्धति दिदैछौं ।

## १. गर्भ मङ्गल

यो पहिलो संस्कार हो, जुन गर्भ स्थिर भएर तीन महिना पछि आफ्नो सुविधा अनुसार गर्ने संस्कार हो ।। गर्भ मङ्गल संस्कारको दिन गर्भमा रहेको बालक अथवा बालिकाको कल्याणकोलागि माता त्रिशरण सहित पञ्चशील ग्रहण गर्छिन्, बुद्धपूजा गर्छिन्, परित्राण पाठ सुन्छिन्, अनि भिक्षुहरूलाई भोजन-दान दिएर धर्म उपदेश सुन्छिन् ।

## २. नामकरण

यो दोश्रो संस्कार हो, जुन बालक या बालिका जन्मेको पाँचौं हप्तामा गरिन्छ । त्यस दिन आमा नुहाएर त्रिशरण-पञ्चशील ग्रहण गरिकन बच्चालाई आफ्नो काखमा लिएर शान्तिपूर्वक बसेर परित्राण पाठ सुन्छिन् । तत्पश्चात बच्चालाई नाम दिइन्छ ।



Downloaded from http://dhamma.digital/

## ३. अन्नप्रासन (पास्नी)

यो बच्चा जन्मेको ६ महीना पुगे पछि भात खुवाउने तेश्रो संस्कार हो। हुन त नाम राख्ने र पास्नी एउटै दिनमा गरिने चलन पनि छ। त्यसो गरे पनि हुन्छ। पास्नी संस्कारको दिनमा आमाले बच्चाको साथ साथै नयाँ लुगा लगाएर त्रिशरण-पञ्चशील ग्रहण गरिकन परित्राण पाठ सुन्नु पर्छ। त्यसपछि एउटा कचौरामा वा थालमा खीर लिएर चमचाले भिक्षु वा बौद्ध आचार्यद्वारा 'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स' भन्दा बच्चाको मुखमा थपी दिने वा खुवाउने। त्यही दिन बच्चालाई बुद्धमूर्तिको अगाडि लगिकन बुद्धपूजा पनि गरिन्छ।

## ४. केसकप्पन (चूडा कर्म, व्रतबन्ध)

यो चौथो संस्कार हो, जुन बालक जन्मेको तीन वर्ष पछि आफ्नो सुविधा अनुसार गरिन्छ। यो संस्कार कुनै बौद्ध विहारमा हुन्छ। बुद्ध मूर्ति भएको घरमा पनि हुन्छ। पहिले भिक्षु वा बौद्ध आचार्य (गुरु) द्वारा छुराले बच्चाको केहि रौं खौरिइन्छ त्यसपछि रौं खौरने नाउले बच्चाको शिर मुण्डन गरिदिन्छ (टुपी नराखिकन जम्मै रौं खौरिदिने।) खौरिसकेको रौंलाई नदीमा या भुईमा गाडी दिइन्छ। मुण्डन पछि बच्चालाई नुहाएर शुद्ध वस्त्र वा पहेंलो वस्त्र लगाइ दिन्छ र माता पिताले त्रिशरण पञ्चशील ग्रहण गर्छन्, परित्राण पाठ सुन्छन्। आ-आफ्नो श्रद्धा र शक्ति अनुसार दान पनि दिन्छन्। अनि भगवान् बुद्धलाई पुष्प धूप आदिद्वारा पूजा गर्छन्।

हाल काठमाडौंमा बर्माको बौद्ध संस्कार अनुसार केटीलाई अनगारिका गुरुमाँहरूको विहार (धर्मकीर्ति विहार) मा लगी कलेजी रंगको वस्त्र अष्टशील ग्रहण गराई लगाई ऋषीनी बनाई ३ दिन देखि सातदिन बसाउने चलन चल्ति भइरहेको छ।



Downloaded from http://dhamma.digital/

## ५. विज्जारम्भ (पढ्नु)

यो पाँचौं संस्कार हो, जुन जन्मेको पाँचौं वर्षमा हुन्छ । त्यसदिन बच्चालाई विहार (मन्दिर) मा लगेर त्रिशरण सहित पञ्चशील ग्रहण पछि बुद्धपूजा गराइन्छ । तत्पश्चात भिक्षु या बौद्ध आचार्यले स्लेट वा कापीमा बच्चाको हातमा कलम दीई आफ्नै हातको सहयोगले **बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि** अथवा **नमो बुद्धाय** लेखाउन सिकाइछ, अक्षर लेखाइ शुरु हुन्छ । यसलाई विद्यारम्भ संस्कार भन्छन् । त्यसपछि बाल बालिका आफ्नो सुविधा अनुसार कुनै विद्यालयमा गएर पढ्न सक्छन् ।

## ६. विवाह

यो छैठौं महत्वपूर्ण संस्कार हो । गृहस्थी जीवनको थालनी यहींबाट हुन्छ । विवाह संस्कारमा भिक्षुको उपस्थिती भए वहाँले अथवा योग्य बौद्ध आचार्यले दुलहा अथवा कन्यालाई त्रिशरण पञ्चशील प्रार्थना गराइन्छ अनि जय मङ्गल परित्राण पाठ हुन्छ । यसपछि पति पत्नीको पारस्परिक कर्तव्यलाई यसप्रकार सम्झाइ दिइन्छः-

## पतिको कर्तव्य

प्रिय उपासक ! तपाई सावधान भई सुन्नु होला । भगवान् बुद्धले पनि पत्नीको लागि गर्नुपर्ने पाँच कर्तव्य भन्नु भएको छः-

१. **सम्मानताय-** तपाईले आफ्नी पत्नी (स्वास्नी) को सम्मान गर्नु पर्छ, आदर गर्नु पर्छ ।

२. **अनवमाननाय-** तपाईले आफ्नी पत्नीको अपमान गर्नु हुँदैन ।

३. **अनतिचरियाय-** तपाईले व्यभिचार गर्नु हुँदैन ।

४ **इस्सरियवोस्सगेन-** आफ्नो शक्ति अनुसार समय समयमा धन, सम्पती तथा वस्त्रले आफ्नी पत्नीलाई सन्तुष्ट पार्नु पर्छ ।



Downloaded from http://dhamma.digital/

५. **अलङ्कारानुप्पदानेन**- तपाईले आफ्नी पत्नीलाइ आफुले सकेको आभूषण आदि दिएर प्रसन्न राख्नु राम्रो हुन्छ ।

## पत्नीको कर्तव्य

सौभाग्यवती उपासिका ! तपाई राम्रोसँग ध्यान दिएर सुन्नु होला । भगवान् बुद्धले पत्नीद्वारा पतिकोलागि यी पाँच कर्तव्य पूरा गर्नु पर्ने बताउनु भएको छ ।

१. **सुसंविहित कम्मन्ता**- तपाईले आफ्नो (पतिको) घरको सबै काम राम्रोसँग गरिदिनु पर्छ ।

२. **संगहित परियोजना**- तपाईले आफ्नो परिवार, परिजन र नौकर-चाकरलाई प्रसन्न तथा अनुशासनमा राखी दिनुपर्छ ।

३. **अनतिचारिणी**- तपाई व्यभिचार रहित भई आफ्नो पति (लोग्ने) को विश्वास पात्र बन्नु पर्छ ।

४. **सम्भतं अनुरक्खनं**- तपाईले आफ्नो पतिले उपार्जित (कमाएको) धन सम्पतीको रक्षा गर्नु पर्छ ।

५. **दक्खा च अनलसा च सब्बकिच्चेसु**- तपाईले घरको सबै काममा चतुर तथा अल्सी नमानिकन गर्नु पर्छ ।

त्यसपछि स्थानीय प्रचलन लगाई र प्रथा अनुसार पति पत्नीलाई अंगुठी दिइन्छ र मालाको आदान प्रदान गरिदिन्छ । तत्पश्चात बौद्धाचार्यले महामङ्गल गाथाद्वारा दुबैको हातमा धागोको सूत्र दिई पाठ गरी आशीर्वाद दिएर विवाह संस्कार सम्पन्न गराइदिन्छ ।



Downloaded from http://dhamma.digital/

**इच्छितं पत्थितं तुय्हं खिप्पमेव समिज्झतु**
**सब्बे पूरेन्तु चित्तसंकप्पा चन्दोपन्नरसो यथा**

अर्थ-

तपाईले प्रार्थना गर्नु भएको र इच्छा गरेका सबै वस्तु तपाईलाई छिट्टै प्राप्त होस्। तपाईको मनको सबै संकल्प पूर्णिमाको चन्द्रमा झैं पूर्ण होस्।

## ७. प्रव्रज्या

बुद्ध धर्ममा प्रचलित चलन अनुसार जीवनमा एकपल्ट सबैलाई प्रव्रजित हुनुपर्छ। प्रव्रजित भएको व्यक्तिलाई श्रामणेर भन्छन्। श्रामणेरलाई दशशील (दशवटा नियम) को पालन गराइन्छ। श्रामणेर दीक्षा तीन दिन, पाँच दिन, सात दिन, देखि एक महीना, एक वर्ष अथवा आफ्नो श्रद्धा र इच्छा भएसम्म हुन्छ। यस दीक्षा ग्रहण गरेपछि विहारमा भिक्षुहरूको साथ बसेर ध्यान भावना एवं बुद्ध धर्म अध्ययनमा समय बिताउँछ। यो दीक्षा चाहिं भिक्षुद्वारा नै दिइन्छ, भिक्षु समक्ष नै ग्रहण गर्न सकिन्छ। प्रव्रज्या दीक्षालाई कुनै पनि गृहस्थले दिन सक्तैन। यस दीक्षालाई जीवनको कुनै पनि अवस्थामा सुविधानुसार ग्रहण गर्न सकिन्छ। यसको विधि भिक्षुहरूलाई थाहा छ। विनय पिटकमा यसको बारेमा पूर्णरुपमा व्याख्या गरिएको पाइन्छ। अत: हामीले यहाँ त्यसको विधि दिएका छैनौं।

## ८. उपसम्पदा

यी दीक्षा श्रामणेरहरूलाई दिइन्छ। यो दीक्षा पाइसकेपछि मात्र भिक्षु भनिन्छ। उपसम्पन्न भिक्षुको लागि २२७ नियम छन्। यो दीक्षा मध्यदेश भारतको उत्तर प्रदेश र विहारमा १० भिक्षुहरूद्वारा सम्पन्न हुन्छ तथा अन्य प्रदेशमा पाँच भिक्षुहरूद्वारा। यस उपसम्पदा दीक्षा पाउने श्रामणेर २० वर्षको आयु हुनु अनिवार्य छ। यस दीक्षा सम्बन्धी नियम पनि विनय पिटकमा विस्तारपूर्वक दिइएको छ।



Downloaded from http://dhamma.digital/

## ९. दाहकम्म तथा मतकभत्त (मृत्यु संस्कार)

यो अन्तिम संस्कार हो । जब कुनै मानिस मरणको बेला हुन्छ त उसलाई परित्राण-पाठ सुनाइन्छ । यदि त्यो परित्राण सूत्र सुन्दा सुन्दै मऱ्यो भने त्यसलाई अति शुभ मानिन्छन् ।

मृतकलाई मशानमा लैजानु अघि सुगन्धित वस्तु लगाइदिन्छन् । त्यसपछि भिक्षुलाई डाकिन्छ (भिक्षुको उपस्थिती छैन भने बौद्ध गृहस्थी उपासकले पनि यो संस्कार कार्य गर्न सक्छ ।) त्यहाँ उपस्थित सबै व्यक्तिहरूले त्रिशरण सहित पञ्चशील प्रार्थना गर्छन् र त्यसपछि भिक्षुलाई एउटा सेतो कपडा दान गर्छन्, जसलाई मतक वत्थ (मृतक वस्त्र) भन्छन् । (भिक्षुको अभावमा "मतक वस्त्र" बौद्ध गृहस्थी उपासक वा आचार्यले लिन सक्छ । मतक वस्त्र दान दिनलाई पनि यसरी वाक्य भन्नु पर्छ-

**कालकतानं अम्हाकं ञातीनं पुञ्ञत्थाय**
**इमं मतक वत्थं भिक्खु संघस्स देम ।**

एक मात्र भिक्षु भए आचरियस्सदेम "भिक्खु संघस्स" नभनीकन "भिक्खुस्स देम" भन्नु पर्छ । अथवा आचरियस्सदेम मृतक वस्त्र दान पछि उसको नातेदारले एउटा पानीको कलस अथवा लोटाले थालमा कुनै भाँडोमा पानी बिस्तार बिस्तारै खन्याई दिन्छ । सबै सम्बन्धित परिवारले पानीको भाँडोमा हातले छुइन्छन् र यसरी तीन पल्ट बाक्य भनिकन पुण्य छोडी दिन्छन् ।

**इदं नो ञातीनं होतु, सुखिता होन्तु ञातयो ।**

अर्थ- यो पुण्यकर्म हाम्रो ज्ञातीको लागि हो, हाम्रो ज्ञातिवर्ग सुखी होउन् ।



Downloaded from http://dhamma.digital/

त्यसपछि भिक्षुहरू या आचार्य यस गाथा (श्लोक) लाई पाठ गरिदिनु हुन्छ तथा मरण सम्बन्धी उपदेश दिनु हुँदै संसारको अनित्य र अस्थिरता बारे प्रकाश पार्नु हुन्छ ।

**अनिच्चावत संखारा उप्पादवय- धम्मिनो ।**
**उप्पज्जित्वा निरुज्झन्ति तेसं वूपसमोसुखो ॥**

अर्थ- सबै संस्कार (उत्पन्न वस्तु) अनित्य छ, उत्पन्न र नष्ट हुनु उसको स्वभाव हो । उत्पन्न भएर शान्त हुन्छन् । उसको सबै प्रकारले शान्त हुनु परम सुख हो ।

त्यसपछि मृतकलाई श्मशानमा लगेर त्यहाँ बनाएको चितामा राख्नु पर्छ । त्यहाँ पनि त्रिशरण पञ्चशील ग्रहण गरी त्रिरत्न गुण स्मरण गरेर तीन पटक चितामा प्रदक्षिणा (दाहीनाबाट घुमेर) गरेर केही सुगन्धित धूपको साथै चितामा आगो (दागवती) लगाउनु पर्छ ।

परम्परा अनुसार मृत्युपछि सातौं, दसौं, बाह्रौं दिनमा दिवंगतको पुण्यस्मृतिमा भिक्षुहरूलाई भोजन दान दिन्छन् । अरू गृहस्थी र माग्नेहरूलाई पनि भोजन गराइन्छन् ।

भिक्षु संघलाई भोजन दान दिनु भन्दा अघि त्रिशरण पञ्चशील प्रार्थना पछि हात जोडिकन यस प्रकार भन्छन् ।

**कालकतानं अह्माकं ञातीनं पुञ्ञत्थाय**
**इमं भिक्खं भिक्खु संघस्स देम ।**

अर्थ- दिवंगत (मरिसकेका) आफ्नो ज्ञाति बन्धुहरूको पुण्यस्मृतिमा यस भिक्षा भोजन भिक्षु संघलाई दिन्छौं । भोजनोपरान्त भिक्षु परित्राण पाठ र उपदेश दिनु हुन्छ । पछि पुण्यानुमोदन गरी मृत्यु संस्कार समाप्त हुन्छ ।



Downloaded from http://dhamma.digital/

# शीलपरिच्छेद

बौद्ध परम्परा अनुसार कुनै पनि बुद्धमार्गीले कुनै पनि पुण्य कार्यको शुभारम्भमा पञ्चशील प्रार्थना गरी पवित्र हुनु आवश्यक छ र त्यस्तै चलन चल्तिमा छ ।

शीलको शाब्दिक अर्थ सदाचार हो । पञ्चशील, अष्टशील र प्रवज्याशील आदि यीनका अनेक भेद छन् । कि उनी नित्य पञ्चशील पालन गर्नमा ध्यान दिनु र अष्टमी औंसी एवं पूर्णिमाको दिनहरूमा अष्टशीलको पालन गर्नु बौद्ध गृहस्थीको कर्तव्य हो । प्रव्रज्या-शील भिक्षु हुनेहरूको लागि हो ।

पञ्चशील ग्रहण गर्नुभन्दा पहिले भगवान् बुद्धलाई वन्दना गरेर त्रिशरण ग्रहण गर्दछन् ।

जो व्यक्ति अरू कुनै धर्मावलम्बी हो भने अर्थात् अबौद्ध हो भने यदि त्यो बौद्ध धर्म ग्रहण गर्न इच्छुक छ त उसले कोही भिक्षुबाट त्रिशरणको साथ पञ्चशील ग्रहण गर्नु पर्छ । त्रिशरण सहित पञ्चशील ग्रहण गरे पछि त्यो बौद्ध हुनेछ । त्रिशरण सहित ग्रहण गर्ने विधि यसप्रकार छ अर्थात् कुनै भिक्षुको समक्ष प्रार्थना गर्ने विधि-

भिक्षुले- नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

यसरी गृहस्थीले तीन पटक दोहराउने

अर्थ- वहाँ भगवान अरहत सम्यक सम्बुद्धलाई नमस्कार ।

| | |
|---|---|
| बुद्धं सरणंगच्छामि | अर्थ- म बुद्धको शरणमा जान्छु । |
| धम्मं सरणंगच्छामि | म धर्मको शरणमा जान्छु । |
| संघं सरणंगच्छामि | म संघको शरणमा जान्छु । |
| दुतियम्पि, ततियम्पि | दुसरो र तीसरो पल्ट पनि । |



Downloaded from http://dhamma.digital/

# पञ्चशील

पाणाति पाता वेरमणी सिक्खापदं समादियामि ।
अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।
कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि ।
मुसावादा वेरमणी सिक्खापदं समादियामि ।
सुरामेरय मज्ज पमादट्ठाना वेरमणी सिक्खापदं समादियामि ।

अर्थ-

१. प्राणी हिंसाबाट बच्न शिक्षा ग्रहण गर्छु ।

२. नदिएको वस्तु नलिने (चोरी नगर्ने) शिक्षा ग्रहण गर्छु ।

३. बेभिचार (भ्रष्टाचार) नगर्ने शिक्षा ग्रहण गर्छु ।

४. झुट्टा कुरा नगर्ने शिक्षा ग्रहण गर्छु ।

५. रक्सी आदि (लागु पदार्थ) नपिउने शिक्षा ग्रहण गर्छु ।

भिक्षुले- तिसरणेन सद्धिं पञ्चशीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेथ ।

अर्थ- त्रिशरण सहित पञ्चशील धर्मलाई राम्रोसित सुरक्षित गरी होशियारीका साथ परिपालन गर ।

साधु ! साधु !!



Downloaded from http://dhamma.digital/

# अष्टशील प्रार्थना

ओकास अहं भन्ते तिसरणेन सह अट्ठङ्ग सम्पन्नागतं उपोसथसीलं धम्मं याचामि । अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।

अर्थ-

आज्ञा होस् भन्ते, मैले त्रिशरण सहित आठ अङ्ग भएको उपोसथ शील मागिरहेको छु । कृपा गरेर मलाई शील दिनु होस् ।

दुतियम्पि - ततियम्पि भनी तीन पटक दोहरिनु पर्छ । पञ्चशीलमा जस्तै-

बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि तीन पटक शरणमा जाने ।

# अष्टशील

१. पाणातिपाता वेरमणी सिक्खापदं समादियामि ।
२. अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।
३. अब्रह्मचरिया वेरमणी सिक्खापदं समादियामि ।
४. मुसावादा वेरमणी सिक्खापदं समादियामि ।
५. सुरा मेरय मज्ज पमादट्ठाना वेरमणी सिक्खापदं समादियामि ।
६. विकाल भोजना वेरमणी सिक्खापदं समादियामि ।



Downloaded from http://dhamma.digital/

७. नच्च गीत-वादित-विसूक दस्सन माला-गन्ध-विलेपन-धारण-मण्डन-विभूसनट्ठाना वेरमणी सिक्खापदं समादियामि ।

८. उच्चासयन-महासयना वेरमणी सिक्खापदं समादियामि ।

अर्थ-

१. प्राणी हिंसा नगर्ने नियम पालन गर्छु ।

२. चोरी नगर्ने नियम पालन गर्छु ।

३. ब्रह्मचर्या पालन गर्ने नियम ग्रहण गर्छु ।

४. झुठो कुरा गर्ने बानि छोड्ने नियम पालन गर्छु ।

५. रक्सी जाँड आदि लागु पदार्थ नपिउने नियम ग्रहण गर्छु ।

६. अबेलामा (आधादिन बिते पछि बेटाइममा) भोजन नगर्ने शिक्षा (नियम) पालन गर्छु ।

७. चरित्र भ्रष्ट हुने नाच, गान र अयोग्य दृश्य नहेर्ने र धेरै मूल्य पर्ने मालागन्ध अत्तर आदि ( विलाषी) आभूषण र पदार्थ सेवन नगर्ने नियम धारण गर्छु ।

८. धेरै पैसा पर्ने विलाषी विछ्यौना र उच्च आसनमा नबस्ने र नसुत्ने नियम पालन गर्छु ।

भिक्षुले- तिसरणेन सह अट्ठङ्ग सम्पन्ना गतं उपोसथसीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेथ ।

गृहस्थी- आम भन्ते (हवस भन्ते) ।

साधु ! साधु !! साधु !!!



Downloaded from http://dhamma.digital/

# आफैले शील ग्रहण गर्ने नियम

यदि शील प्रार्थना गराउने कोही भिक्षु रहेन भने आफ्नो इच्छानुसार कुनै निर्जन स्थानमा वा बुद्धप्रतिमा भएको ठाउँमा गई वन्दना गरी अथवा जुन दिशामा चैत्य, विहार छ उतातिर हेरेर वन्दना गरिकन नमो तस्स भगवतो देखि त्रिशरण सहित पञ्चशील, अष्टशील ग्रहण गर्ने । कसैलाई पाली श्लोक भन्न आउँदैन भने उसले यसरी प्रार्थना वा प्रतिज्ञा गरे पनि हुन्छ - "आज मैले सर्वज्ञ भगवान बुद्धको आज्ञा अनुसार पञ्चशील, अष्टशील पालन गर्छु" भनी प्रतिज्ञा गरिदियो भने शील ग्रहणको काम पूरा हुने छ ।

# पूजा

साधारणतया प्रचलित (परम्परा) प्रथा अनुसार पूजा उसलाई भनिन्छ जुन पुष्प, धूप आदि द्वारा मूर्तिलाई अर्पित गरिन्छ । यो पूजा भक्तिको चिन्ह हो । वरदान पाउनको आशाले पूजा गर्छन् । तर भगवान बुद्धको विचार अनुसार यस्तो प्रकारको पूजालाई साँचैको पूजा भनिन्न । हो, बुद्धको भनाई अनुसार पूजा दुई थरिका छन्-



Downloaded from http://dhamma.digital/

## १. आमिसपूजा र २. प्रतिपत्ति पूजा ।

आमिस पूजा भनेको खाना, पिउनु, वस्त्र औषधी आदि प्रदार्थद्वारा पूजा गर्नु हो अथवा पुष्प, धूपादि प्रदार्थले भरिएको थाल लिएर मूर्तिलाई अर्पण गर्नु ।

प्रतिपत्ति पूजा भनेको बुद्धको उपदेश अनुसार सदाचारमा संलग्न हुनु अथवा आचरण राम्रो हुनु, चरित्र पवित्र हुनु, हृदय स्वच्छ बनाउनु, शुद्ध विचारको साथै समाज सेवा तथा रोगीहरूको सेवा गर्नु हो । अर्को भाषामा भनूं भने सकारात्मक अथवा सक्रियरूपमा बुद्धको उपदेशलाई जीवनमा उतारनु नै प्रतिपत्ति पूजा (व्यवहार राम्रो हुनु) नै वास्तविक एवं साँचैको पूजा हो । तर यसको अर्थ यो पनि होइन कि आमिस भौतिक पूजा गर्नु हुँदैन । प्रतिपत्ति पूजाको ज्ञान लाभ प्राप्त गर्नको लागि पहिले आमिस पूजाको आवश्यक हुन्छ । किनकि प्रत्येक मन्दिर र विहारमा पुष्प, धूप र खाद्य प्रदार्थद्वारा आमिस पूजा गर्नु नै मूख्य धर्मको अंग बनिसक्यो । बुद्ध पूजाको सिलसिलामा उपदेश, कथा भन्नु आदि कार्य हुन्छ । पछि प्रतिपत्ति पूजाको बारेमा चर्चा हुन्छ । आमिस पूजाको नाताले उपासक, उपासिकाहरू जम्मा हुन्छन् । यदि दाताहरूद्वारा चीवर (वस्त्र) पिण्डपात्र (भोजन) शयनाशन (आसन-बिछ्यौना) गिलान प्रत्यय (औषधी सर्वत) द्वारा बुद्ध पूजा हुँदैन भने भिक्षुहरूको जीवनयापन कसरी चल्न सक्छ । पूजा नै हुँदैन भने श्रद्धालु उपासक उपासिकाहरू पनि हुन सक्तैन । मुख्य कुरो के रहेछ भने कर्तव्य पालन र व्यवहार राम्रो पार्नु तिर ध्यान जाँदैन । भिक्षुहरू र उपासकहरू दुबै आमिस पूजातिर नै बर्ता ढल्केको देखिन्छ । हृदय पवित्रता र व्यवहारिक आचरणतिर ध्यान जाँदैन ।



Downloaded from http://dhamma.digital/

हो । भिक्षुहरूलाई आवश्यक चीवर, पिण्डपात्र सयनासन र गिलान प्रत्यय आदि वस्तुहरू पूरा हुँदैन भने स्वभावतः मानसिक शान्ति हुन सक्तैन तथा भौतिक चिन्ताबाट मुक्त हुन सक्ने छैन ।

एउटा स्मरण गर्नु पर्ने कुरा के छ भने महापरिनिर्वाण सूत्रमा भगवान बुद्धले आनन्द भिक्षुलाई भन्नु भएको छ- बुद्धलाई पूजाको बारे चिन्ता गर्नु पर्दैन । पूजा गर्नु भिक्षुहरूको काम होइन । तैपनि आज-भोलि अथवा कालान्तरमा बाध्य भएर भिक्षुहरू नै पूजारीको रूपमा परिणत भइरहेका छन् भन्नु अत्युक्ति नहोला ।

तर महायानी भिक्षुहरू जति भक्ति भावना र पूजाको मार्गमा फँसेका छन् त्यति थेरवादी भिक्षुहरू भक्ति मार्गमा संलग्न छैनन् । यो गौरबको कुरा हो ।

# त्रिरत्न वन्दना

बिहान एवं संध्याको समयमा त्रिरत्न वन्दना गर्नु प्रत्येक बौद्धको यो कर्तव्य हो । बुद्ध, धर्म, संघलाई त्रिरत्न भन्दछन् । त्रिरत्न गुण स्मरण गरी वन्दना गरेको खण्डमा चित्त शान्त रहन्छ । मानसिक संतोष प्राप्त हुन्छ । र त्रिरत्न स्मरणद्वारा पुण्य (धर्म) लाभ हुन्छ ।

## बुद्ध वन्दना

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स**

**इतिपि सो भगवा अरहं सम्मा सम्बुद्धो, विज्जा चरणसम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो पुरिसदम्म सारथी सत्था देव मनुस्सानं बुद्धो भगवाति ।**



Downloaded from http://dhamma.digital/

## नमो तस्स सम्मासम्बुद्धस्स

ये च बुद्धा अतीता च, ये च बुद्धा अनागता,
पच्चुप्पन्ना च ये बुद्धा अहं वन्दामि सब्बदा
नत्थिमे सरणं अञ्ञं बुद्धो मे सरणं वरं
एतेन सच्च वज्जेन होतु मे जयमङ्गलं
उत्तमङ्गेन वन्देहं पादपंसु वरूत्तमं
बुद्धेयो खलितो दोसो बुद्धो खमतु तं ममं
बुद्धं जीवित परियन्तं सरणं गच्छामि

भावार्थ- उनै भगवान् अर्हत सम्यक सम्बुद्धलाई नमस्कार ।

उनै भगवान अर्हत हुन् सम्यक् सम्बुद्ध हुन् । विद्या र आचरणले सम्पन्न भएका हुन्, निर्वाण मार्गमा जानु भएका हुन्, लोक ज्ञाता हुन्, दमनीय पुरुषहरूलाई अनुत्तर हुनु भएका धर्म सारथी हुन् । मनुष्य मात्रै होइन देवी देवताहरूका शास्ता गुरु हुन्, बोध हुनु भएका बुद्ध हुन्, भगवान हुन् । यस्ता सम्यक् सम्बुद्धलाई नमस्कार छ ।

पहिला भइसकेका बुद्धहरूलाई, पछि हुने बुद्धहरूलाई र अहिले भएका बुद्धहरूलाई पनि म सदा सर्वदा वन्दना गर्छु ।

बुद्ध बाहेक मेरो शरण अरू कोही छैन यही उत्तम शरण हो । यही सत्य वचनको प्रभावले मेरो जय मङ्गलमय होस् ।

वहाँको पाउले टेकेको धुलोलाई पनि श्रेष्ठोत्तम सम्झी शिरले वन्दना गर्छु । यदि मैले बुद्धप्रति अपराध गरेको रहेछु भने बुद्धले मलाई क्षमा दिनु होला ।

आजीवन म बुद्धको शरणमा जान्छु ।



Downloaded from http://dhamma.digital/

## *धर्म वन्दना*

**स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको, अकालिको एहिपस्सिको, ओपनयिको पच्चत्तं वेदितब्बो बिञ्ञूही ति ।**

**नमोतस्स निय्यानिकस्स धम्मस्स**

**ये च धम्मा अतीता च ये च धम्मा अनागता,**
**पच्चुप्पन्ना च ये धम्मा अहं वन्दामि सब्बदा,**
**नत्थि मे सरणं अञ्ञं धम्मो मे सरणं वरं,**
**एतेन सच्चवज्जेन, होतु मे जय मङ्गलं,**
**उत्तमेङ्गेन वन्देहं धम्मञ्च दुविधंवरं**
**धम्मे यो खलितोदोसो, धम्मो खमतु तं ममं"**
**धम्मं जीवित परियन्तं, सरणं गच्छामि ।**

भावार्थ- भगवानले यो धर्मलाई पद-व्यञ्जन राम्रोसंग मिलाई भन्नु भएको छ, यही लोकमा फलदायी हुने धर्म हो । समय नबित्दै फलदिने, यसबारे यहाँ आऊ हेर ! परीक्षा गर ! भनी भन्न सकिन्छ । माथि पुऱ्याइ दिने धर्म यही हो । जस्तो सुकै बुद्धिमानले पनि आफूले साक्षात्कार गरी अवबोध गर्नु पर्ने धर्म हो । यो निर्वाणमा पुऱ्याउने धर्मलाई नमस्कार छ ।

पहिले भएको धर्मलाई पछि हुने धर्मलाई र अहिले भएको धर्मलाई पनि सदा सर्वदा वन्दना गर्छु ।

धर्म बाहेक मेरो अरु कुनै शरण छैन यो धर्म नै उत्तम शरण हो ।

यही सत्य वचनको प्रभावले मेरो जय मङ्गल होस ! दुइ प्रकारले उत्तम धर्मलाई म शिरले वन्दना गर्छु ।



Downloaded from http://dhamma.digital/

यस धर्मप्रति मबाट केही अपराध भए त्यसमा धर्मले मलाई क्षमा देओस् ।

मेरो जीवन रहुनजेलसम्म धर्मको शरणमा जान्छु ।

## *संघ वन्दना*

**सुपटिपन्नो भगवतो सावक संघो, उजुपटिपन्नो भगवतो सावक संघो, ञायपटिपन्नो भगवतो सावक संघो, सामीचिपटिपन्नो भगवतो सावक संघो, यदिदं चत्तारि पुरिस युगानि अट्ठपुरिस पुग्गला, एस भगवतो सावक संघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो, अञ्जलि करणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा'ति ।**

**नमो तस्स अट्ठारिय पुग्गल महासङ्घस्स ।**

**ये च सङ्घा अतीता च, ये च सङ्घा अनागता ।**
**पच्चुप्पन्ना च ये सङ्घा, अहं वन्दामि सब्बदा ॥**
**नत्थि मे सरणं अञ्ञं, सङ्घो मे सरणं वरं ।**
**एतेन सच्च वज्जेन, होतु मे जय-मङ्गलं ॥**
**उत्तमङ्गेन वन्देहं, सङ्घञ्च तिविधुत्तमं ।**
**सङ्घेयो खलितो दोसो, संघो खमतु तं ममं ॥**

**संघं जीवित परियन्तं सरणं गच्छामि**

भावार्थ- भगवानको श्रावक संघ सुप्रतिपन्न छन् । सीधा बाटो जान्छन् । निर्वाण (न्याय) मार्गमा जान्छन् । आदरपूर्वक धर्माचरण गर्छन् । यी नै चारजना पुरुषहरू हुन्, आठजना व्यक्ति हुन्, यिनीहरू जस्ता भगवानका श्रावक हुन्, आदरनीय हुन्, माननीय हुन्,



Downloaded from http://dhamma.digital/

दान दिन योग्य हुन्, नमस्कार गर्नु योग्य हुन्, लोकवासीहरूको निमित्त अपरिमित पुण्य क्षेत्र हुन् । त्यस्तो अष्ट पुद्गल महासंघलाई र पहिले भइरहेको संघलाई पनि हुने संघलाई र अहिले भइरहेको संघलाई पनि म सधैं वन्दना गर्छु । संघ बाहेक मेरो अरू कुनै शरण छैन । यही उत्तम शरण हो । यस सत्य वचनको प्रभावले मेरो जय मङ्गल होस् । तीन प्रकारका उत्तम संघहरूलाई म सशरिरले वन्दना गर्छु । यदि संघप्रति मेरो केही अपराध भएमा संघले क्षमा देओस् । आजीवन म संघको शरणमा जान्छु ।

## जल पूजा इत्यादि

**अधिवासेतु नो भन्ते, पानीयं उपनामितं ।**

**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥**

भावार्थ- भो भगवान्, भो श्रेष्ठोत्तम, तपाईलाई (पिउने) जल चढायौं । हामीप्रति अनुकम्पा गरी स्वीकार गर्नुहोस् ।

## खाद्यपदार्थ पूजा

**अधिवासेतु नो भन्ते ! खज्जकं उपनामितं ।**

**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥**

भावार्थ- भो भगवान शास्ता, श्रेष्ठोत्तम, मिठाइ रोटी चढायौं दया र अनुकम्पा राखी ग्रहण गर्नु होस् ।

## फलफूल-पूजा

**अधिवोसेतु नो भन्ते ! फलानि उपनामितं ।**

**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥**

भावार्थ- भो भगवान् ! भो श्रेष्ठोत्तम ! तपाईलाई फलफूलहरू चढायौं हामीप्रति दया राखी स्वीकार गर्नु होस् ।



Downloaded from http://dhamma.digital/

## पुष्प पूजा

**वण्ण गन्ध गुणोपेतं, एतं कुसुम सन्ततिं ।**
**पूजयामि मुनिन्दस्स, - सिरिपाद सरोरुहे ॥**

**पूजेमि बुद्धं कुसुमेन नेन,**
**पुञ्ञेन मेतेन च होतु मोक्खं ।**
**पुप्फं मिलायाति यथा इदम्मे,**
**कायो तथा याति विनास भावं ॥**

भावार्थ- वर्ण र सुगन्धले युक्त भएको यो फूलले शाक्य मुनीन्द्र भगवान्‌को श्री चरण कमलमा पूजा गर्दछु ।

यो फूलले बुद्ध भगवानलाई पनि पूजा गर्छु यो पुण्यले मलाई मोक्ष मिलोस् ! यो फूल सुकेर जाने जस्तै मेरो यो शरीर पनि विनाश भइ (सुकेर) जानेछ ।

## सुगन्ध धूप पूजा

**गन्धसम्भार युत्तेन, धूपेनाहं सुगन्धिना ।**
**पुजये पुजनेय्यानं, पूजा भाजन मुत्तमं ॥**

भावार्थ- पूजा गर्न योग्य हुनु भएको पूजनीय भगवान् बुद्धलाई यो सुगन्धले युक्त भएको धुपले पूजा गर्छु ।

## प्रदीप पूजा

**घनसारप्पदित्तेन, दीपेन तमधंसिना ।**
**तिलोकदीपं सम्बुद्धं, पूजयामि तमोनुदं ॥**

भावार्थ- त्रिलोकमा प्रकाश हुनु भएका सम्यक् सम्बुद्धलाई अन्धकार विनाश गरिदिने चन्दन आदि र प्रदीपले पूजा गर्छु ।



Downloaded from http://dhamma.digital/

## चैत्य वन्दना

**वन्दामि चेतियं सब्बं, सब्ब ठानेसु पतिट्ठितं ।**
**सारीरिक धातु महाबोधिं, बुद्ध रूपं सकलं सदा ।**

भावार्थ- जहींपनि प्रतिष्ठित भएका स्तूप (चैत्य) हरूलाई र बुद्धका पवित्र धातुलाई पनि, महाबोधि वृक्षलाई पनि, बुद्धरूपलाई पनि म सदा वन्दना गर्छु ।

## क्षमा याचना

**कायेन वाचा चित्तेन, पमादेन मया कतं ।**
**अच्चयं खम मे भन्ते । भूरिपञ्ञो तथागत ।।**

भावार्थ- हे भगवान् ! यदि मेरो काय, वाक र चित्तले कुनै प्रमाद बस् केही भूल गरेको छ भने गम्भिराति गम्भिर प्रज्ञा नभएका तपाई बुद्धले मलाई क्षमा गर्नु होस् ।

## आशिका

**इमाय बुद्ध पूजाय, कताय सुद्ध चेतसा ।**
**चिरं तिट्ठतु सद्धम्मो, लोको होतु सुखी सदा ।।**
**इमाय बुद्ध पूजाय, यं पुञ्ञं पसुतं मया ।**
**सब्बं तं अनुमोदित्वा, सब्बे पि तुट्ठ मानसा ।।**
**पुरेत्वा दानसीलादि, सब्बापि दसपारमी ।**
**पत्वा यत्थिच्छितं बोधिं, फुसन्तु अमतं पदं ।।**

अर्थ-

१. शुद्ध मनले गरेको यो बुद्धपूजाद्वारा प्राप्त भएको जति पनि पुण्य हो त्यो पुण्यको प्रभावले सो भगवानको सद्धर्म चिरस्थायी होस् । सकल लोक पनि सुखी होस् ।



Downloaded from http://dhamma.digital/

२. यो बुद्धपूजाद्वारा मलाई जति पुण्य (धर्म) प्राप्त भएको थियो, यो सबै पुण्य देखि सन्तुष्ट भई सबैले अनुमोदन गर्नु होला ।

३. दान शीलादि दसपारमि सबै पूर्ण गरी आफ्नो इच्छानुसार उत्तम बोधिज्ञान प्राप्त गरी निर्वाण सुख अनुभव गरुन् ।

## *प्रतिपति पूजा*

**इमाय धम्मानुधम्म पटिपत्तिया बुद्धं पूजेमि ।**
**इमाय धम्मानुधम्म पटिपत्तिया धम्मं पूजेमि ॥**
**इमाय धम्मानुधम्म पटिपत्तिया संघं पूजेमि ।**
**अद्धा इमाय पटिपत्तिया, जाति जरा व्याधि**
**मरणम्हा, परिमुञ्चिस्सामि ॥**

भावार्थ- यो धर्म अनुसार गरेको धर्माचरणको आधारमा बुद्धलाई पूजा गर्छु ।

यो धर्मानुकूलले गरेको धर्माचरणको आधारमा धर्मलाई पूजा गर्छु ।

यो धर्मानुकूलले गरेको धर्माचरणको आधारमा संघलाई पूजा गर्छु ।

यो धर्मानुकूल प्रतिपत्तिद्वारा म अवश्य नै जन्म, जरा, व्याधि, मरणबाट मुक्त होऊं ।

## *प्रार्थना*

**इमिना पुञ्ञ कम्मेन, मामे बाल समागमो ।**
**सतं समागमो होतु, यावनिब्बान पत्तिया ॥**
**इदम्मे पुञ्ञं आसवक्खया वहं होतु ।**
**इदम्मे पुञ्ञं निब्बानस्स पच्चयो होतु ।**
**इदम्मे पुञ्ञं सब्बे सत्ता सुखिता भवन्तु ।**



Downloaded from http://dhamma.digital/

भावार्थ- यो गरेको पुण्यको प्रभावले बाल मूर्खजनहरूसंग सत्संगत गर्न नपरोस् । निर्वाणमा नपुगुञ्जेलसम्म सत्पुरुषहरूको सत्संगत गर्न यो मैले गरेको पुण्यले आस्रवक्षय होस् ।

यो मैले गरेको पुण्यले निर्वाण प्राप्त होस् । यो मैले गरेको पुण्यले सकल सत्व प्राणीहरू सुखी होउन् ।

## ज्ञाति बन्धुहरूलाई पुण्य छोडिदिने

**इदं वो (नो) ज्ञातिनंहोतु, सुखिता होन्तु ञातयो ।**

तीन पटक भन्नु

भावार्थ- यो मैले गरेको पुण्य तिम्रा (हाम्रा) ज्ञातीहरूले अनुमोदन गरुन् । यो पुण्को प्रभाव द्वारा तिनीहरूलाई सुख र शान्ति मिलोस् ।

## देवताहरूलाई पुण्य छोडिदिने

**एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।**
**सब्बे देवा अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥**

भावार्थ- अहिलेसम्म हामीले प्राप्त गरेका पुण्य सम्पत्तिलाई सकल देवताहरूले अनुमोदन गरुन् जसबाट सम्पत्ति सिद्ध हुने छ ।

## सकल सत्वहरूलाई पुण्य छोडिदिने

**एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।**
**सब्बे सत्ता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥**

भावार्थ- अहिलेसम्म हामीले प्राप्त गरेका पुण्य सम्पत्तिलाई सकल सत्वहरूले अनुमोदन गरुन् जसबाट सर्वसम्पत्ति सिद्ध हुने छ ।



Downloaded from http://dhamma.digital/

## *दिवंगतहरूलाई पुण्य छोडिदिने*

**एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।**
**सब्बे भूता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥**

भावार्थ- अहिलेसम्म हामीले प्राप्त गरेका पुण्य सम्पत्तिलाई सकल दिवंगतहरूले अनुमोदन गरुन् जसबाट सर्वसम्पत्ति सिद्ध हुने छ ।

## *मंगलसुत्तं*

**एवं मे सुतं, एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथपिण्डिकस्स आरामे । अथ खो अञ्ञतरा देवता अभिक्कन्ताय रत्तिया अभिक्कन्त वण्णा केवल-कप्पं जेतवनं ओभासेत्वा येन भगवा तेनुपसङ्कमि । उपसङ्कमित्वा भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि । एकमन्तं ठिता खो सा देवता भगवन्तं गाथाय अज्झभासि ।**

**बहू देवा मनुस्सा च, मङ्गलानि अचिन्तयुं ।**
**आकङ्खमाना सोत्थानं, ब्रूहि मङ्गल मुत्तमं ॥१॥**

**अ-सेवना च बालानं मण्डितानञ्च सेवना**
**पूजा च पूजनेय्यानं, एतं मङ्गल मुत्तमं ॥२॥**

**पतिरूप देस-वासो च, पुब्बे च कत-पुञ्ञता ।**
**अत्त-सम्मा-पणीधी च, एतं मङ्गलमुत्तमं ॥३॥**

**बाहु सच्चञ्च सिप्पञ्च, विनयो च सुसिक्खितो ।**
**सुभासिता च या वाचा, एतं मङ्गल मुत्तमं ॥४॥**

**माता पितु उपट्ठानं, पुत्त दारस्स सङ्गहो ।**
**अनाकुला च कम्मन्ता, एतं मङ्गलमुत्तमं ॥५॥**



Downloaded from http://dhamma.digital/

दानं च धम्म चरिया च ञातकानं च सङ्गहो ।
अनवज्जानि कम्मानि, एतं मङ्गलमुत्तमं ॥६॥

आरती विरती पापा, मज्ज-पाना च संयमो ।
अप्पमादो च धम्मेसु, एतं मङ्गलमुत्तमं ॥७॥

गारवो च निवातो च सन्तुट्ठि च कतञ्ञुता ।
कालेन धम्मस्सवणं, एतं मङ्गलमुत्तमं ॥८॥

खन्ती च सो वचस्सता, समणानं च दस्सनं ।
कालेन धम्म साकच्छा, एतं मङ्गलमुत्तमं ॥९॥

तपो च ब्रह्मचरियञ्च, अरिय-सच्चान दस्सनं ।
निब्बान सच्छि-किरिया च, एतं मङ्गलमुत्तमं ॥१०॥

फुट्ठस्स लोक धम्मे हि, चित्तं यस्स न कम्पति ।
अ-सोकं वि-रजं खेमं, एतं मङ्गलमुत्तमं ॥११॥

एतादिसानि कत्वान, सब्बत्थ म-पराजिता ।
सब्बत्थ सोत्थिं गच्छन्ति, तंतेसं मङ्गलमुत्तमंति ॥१२॥

मङ्गल सुत्तं निट्ठितं

Dhamma.Digital

## *मंगल सुत्तको अर्थ*

मैले यस्तो सुनेको छु:- एक समय भगवान् श्रावस्तीमा अनाथपिण्डिक महाजनले बनाएको जेतवनाराममा विहार गर्नु भएको थियो । त्यसबेला एक देवता रातको दोश्रो प्रहरमा आफ्नो तेजले सारा जेतवन उज्यालो तुल्याई जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ आएर भगवानलाई अभिवादन गरी एकातिर बसे । एकातिर बसेका ती देवताले भगवानसंग सोधे-



Downloaded from http://dhamma.digital/

कल्याणको आकांक्षा लिएर धेरै देवताहरू र मनुष्यहरूले मङ्गलको विषयमा विचार गरिसके । अब (कृपया) तपाईले उत्तम मङ्गल .....बारेमा भन्नुहोस् ॥१॥

भगवान्ले भन्नु हुन्छः- मूर्खहरूको संगत नगर्नु, पण्डितहरूको संगत गर्नु र पूज्यहरूको पूजा गर्नु- यी उत्तम मङ्गल हुन् ॥२॥

अनुकूल स्थानमा निवास गर्नु, पहिले गरेको पूण्यको भागी हुनु र आफूलाई सम्यक मार्गमा लगाउनु- यी उत्तम मङ्गल हुन् ॥३॥

बहुश्रुत हुनु, शिल्प सिक्नु, विनयी नम्र हुनु, सुशिक्षित हुनु, सुभाषण मिठो राम्रो वचन बोल्नु- यी उत्तम मङ्गल हुन् ॥४॥

माता पिताको सेवा गर्नु, पुत्र, स्त्रीहरूको पालन पोषण गर्नु, आकुल नहुने काम गर्नु- यी उत्तम मङ्गल हुन् ॥५॥

दान दिनु, धर्माचरण गर्नु, दाज्यूभाइ बन्धुहरूको आदर गर्नु र असल (दोषरहित) काम गर्नु- यी उत्तम मङ्गल हुन् ॥६॥

काय, वाक, चित्तले पापलाई त्याग्नु, मद्यपानबाट संयम हुनु र धार्मिक कामहरूमा अप्रमाद होसियार हुनु - यी उत्तम मङ्गल हुन् ॥७॥

गौरव गर्नु, नम्र स्वभाव हुनु, सन्तुष्ट हुनु, कृतज्ञ हुनु र बेला बखतमा धर्म श्रवण गर्नु- यी उत्तम मङ्गल हुन् ॥८॥

सहनशील हुनु, आज्ञाकारी हुनु, श्रमणहरूको दर्शन गर्नु बेला बखतमा धर्मको छलफल गर्नु- यी उत्तम मङ्गल हुन् ॥९॥

तपस्या गर्नु, ब्रह्मचर्य्यको पालन गर्नु, आर्य्य सत्य धर्मको बोध गर्नु निर्वाणको साक्षात्कार-गर्नु यी उत्तम मङ्गल हुन् ॥१०॥



Downloaded from http://dhamma.digital/

लाभ, अलाभ, यश, अपयश, निन्दा, प्रशंसा, सुख र दुःख यी आठ प्रकारका लोक धर्मबाट चित्तकम्प नहुनु, शोक नहुनु, राग, द्वेष, मोह रूपी रज नहुनु र निर्भय हुनु- यी उत्तम मङ्गल हुन् ॥११॥

यस प्रकारका कर्म गरेर सबै ठाउँमा अपराजित (नहार्ने) भएर जो (मानिसहरू) कल्याण प्राप्त गर्छन्- उनीहरू (देव मनुष्यहरू) को निम्ति उत्तम मङ्गल हुन् ॥१२॥

मङ्गल सूत्र समाप्त भयो ।

## मेत्तसुत्तं

करणीयमत्थकुसलेन, यन्तं सन्तं पदंअभिसमे च्च ।
सक्को उजू च सुहुजू च, सुवचो चस्स मुदु अनतिमानि ॥

सन्तुस्सको च सुभरो च, अप्पकिच्चो च सल्लहुक-वुत्ति ।
सन्तिन्द्रियो च निपको च, अप्पगब्भो कुलेसुअ ननु गिद्धो ॥

न च खुद्दं-समाचरे चिञ्चि, येन विञ्ञू परे उपवदेय्युं ।
सुखिनो वा खेमिनो होन्तु, सब्बे सत्ता भवन्तु सुखितत्ता ॥

ये केचि पाणभूतत्थि तसा वा, थावरा वा अनवसेसा ।
दीघा वा येव महन्ता, मज्झिमा रस्सक अनुकथूला ॥

दीट्ठा वा येव अदिट्ठा, येच दूरे वसन्ति अ-विदूरे ।
भूता वा सम्भवेसी वा, सब्बे सत्ता भवन्तु सुखितत्ता ॥

न परो परं निकुब्बेथ, नातिमञ्ञेथ कत्थचि नं कंञ्चि ।
ब्यारोसना पटिघसञ्ञा आञ्ञमञ्ञस्स दुक्खमिच्छेय्य ॥



Downloaded from http://dhamma.digital/

माता यथा नियं पुत्तं, आयुसा एक पुत्तमनुरक्खे ।
एवम्पि सब्ब भूतेसु, मानसं भावये अपरिमाणं ॥

मेत्तञ्च सब्ब लोकस्मिं, मानसं भावये अपरिमाणं ।
उद्धं अधो च तिरियञ्च, असम्बाधं अवेरंअ-सपत्तं ॥

तिट्ठं चरं निसिन्नो वा, सयानो वा यावतस्स विगतमिद्धो ।
एतं सतिं अधिट्ठेय्य, ब्रह्ममेतं विहार-मिधमाहु ॥

दिट्ठिञ्च अनुपगम्म, सीलवा दस्सनेन सम्पन्नो ।
कामेसु विनेय्य गेधं, न हि जातु गब्भसेय्यं पुनरेतीति ॥

मेत्त-सुत्त निट्ठित्तं

## मैत्री सूत्रको अर्थ

शान्तपद चाहने कल्याण साधनमा निपूण मनुष्यहरूको निम्ति उनी ऋजु (=सीधा) अत्यन्त सरल बन्नुपर्छ। उनको वचन सुवचन र मृदु स्वभाव र अभिमान विहिन हुनु पर्छ।

सन्तुष्टचित्त, मिताहारी, अल्पकृत्य (=व्यर्थकाम नगर्ने) थोरैमा सन्तुष्ट हुने, शान्त इन्द्रिय, प्रज्ञावान्, गंभीर, चञ्चलताहीन र जाति कुलको मिथ्याभिमानमा अनाशक्त हुनु पर्छ।

कुनै यस्तो सानातिना काम पनि नगर्नु, जुन काम गर्दा विज्ञहरूले दोष दिन सक्छन्। सबैप्राणी सुखी हवोस्, सबैको कल्याण हवोस्, सबै आनन्दपूर्वक रहनु भन्ने मनमा भावना गर्नु पर्छ।

स्थावर अथवा जंगम, दीर्घ वा महान, मझौलो वा सानो सूक्ष्म अथवा स्थूल जे जति प्राणीहरू छन् ती सबै सुखी हवोस्।



Downloaded from http://dhamma.digital/

दृष्ट अथवा अदृष्ट, दूरस्थ अथवा नजिकैको, उत्पन्न अथवा उत्पन्न हुने, ती सबै प्राणीहरू सुखी हवोस् ।

एउटाले अर्कालाई वंचना नगर्नु, कहिल्यै कसैलाई नठग्नु, कसैको अवज्ञा नगर्नु, क्रोध र हिंसाको वशमा परेर कसैलाई दु:ख हुने कामना नगर्नु ।

आमाले जस्तो आफ्नो प्राणको वास्ता नराखी एकलौटी छोराको रक्षा गर्छिन् उस्तै प्राणी मात्रमा असीम प्रेम राख्नु पर्छ ।

तल्लो, माथिल्लो र बीचका सबै मानिस अथवा प्राणीहरूप्रति बैर, बिरोध र शत्रुता रहित अप्रमेय मैत्री भएको चाल चलन गर्नु ।

उठदा, जाँदा, बस्दा, सुत्दा जवसम्म जागृत रहन्छ तबसम्म यस्तो स्मृति राखीं राख्नु पर्छ । यसैलाई ब्रह्म विहार भावना भन्दछ ।

यस्ता मानव कुनै मिथ्या दृष्टिमा नपरी, शीलवान भएर, विशुद्ध दर्शनले युक्त भएर, काम तृष्णालाई नाश गरेर पुनर्जन्मबाट मुक्त हुन्छन् ।

मैत्री सूत्रको अर्थ समाप्त



Downloaded from http://dhamma.digital/

# परित्राण पाठ

परित्राणको अर्थ हो रक्षा । परित्राण पाठबाट व्यक्तिको कल्याण हुन्छ । भूत प्रेतहरूको उपद्रव शान्त हुन सक्छ । अरू रोग पनि निको हुन सक्छ । त्यसैले श्रद्धावानहरूले कोही मानिस बिरामी भएमा, नयाँ घरको शुभारम्भमा, विवाहमङ्गलमा, भिक्षुहरूलाई भोजन दान गरिसके पछि आ-आफ्नो परिवारको कल्याणको लागि परित्राण पाठ गराउन्छन् ।

गृहस्थीहरू एवं भिक्षुहरूले भन्ने दृढ विश्वास छ परित्राण पाठबाट धेरैजसो उपद्रव नष्ट हुन्छन् । यसको लागि केही तत्वको समावेश हुनु पर्छ । पाठ गर्ने व्यक्ति चाहे भिक्षु होस् या गृहस्थी शीलवान हुनु पर्छ, मैत्रीपुर्वक र शुद्धगरी परित्राण पाठ गर्नु पर्छ र श्रोतागणले पनि शील पालन गरी अर्थात् सदाचारी भई श्रद्धा र विश्वासपूर्वक सुन्नु पर्छ ।

परित्राण पाठ प्राय: भिक्षुहरूले गर्छन्, तर जहाँ भिक्षुहरुको उपस्थिति हुँदैनन् त्यहाँ योग्य गृहस्थी उपासकबाट पनि परित्राण पाठ गराउन सकिन्छ ।


आफ्नो कल्याणको लागि स्वयं (आफैले) पाठ गर्नु पनि लाभ दायक हुन्छ । हामी यहाँ प्रमुख परित्राण पाठ सूत्रहरू मध्ये केही सूत्रहरू प्रस्तूत गर्देछौं । यो भन्दा पहिले मङ्गल सूत्र र मैत्री सूत्र प्रस्तुत गरिसकें ।



Downloaded from http://dhamma.digital/

**स्मरणनीय कुरो के छ भने-**

परित्राण पाठ सुन्नेहरूलाई सामुन्ने बसालेर (यदि त्यो रोगी हो भने लेटाएर पनि सुन्न सक्छ) एक तीन सूते धागोलाई बिरामीको हाथमा थामी दिने र पाठ गर्ने व्यक्तिले पनि हातमा सो धागो समातेर एक जलपूर्ण कलशमा धागोको एक कुनाले बाँधिदिने अनि पाइन्छ भने पिपलको पात वा केही फूलले कलश छोप्नु पर्छ। पाठ सिद्धिसकेपछि उसको हातमा धागो बाँधी जल अलिकति सेवनार्थ दिनु पर्छ र बाँकि घरमा यता उता छर्की दिनु पर्छ।





Downloaded from http://dhamma.digital/

# जयमङ्गल गाथा

बाहुँ सहस्स मभिनिम्मित सायुधन्तं,
गिरिमेखलं उदितघोर ससेन मारं ।
दानादि धम्म विधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमङ्गलानि ॥१॥

मारातिरेक मभियुज्झित सब्ब रत्तिं,
घोरं पनालवक मक्खमथद्ध यक्खं ।
खन्ति सुदन्त विधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमङ्गलानि ॥२॥

नालागिरिं गजवरं अतिमत्त भूतं,
दावग्गिचक्कमसनीव सुदारुणन्तं ।
मेत्तम्बुसेक विधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमङ्गलानि ॥३॥

उक्खित्त खग्ग मति हत्थ सुदारूणन्तं,
धावंति योजन पथं गुलिमालवन्तं ।
इद्धिभिसंखतमनो जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमङ्गलानि ॥४॥

कत्वान कट्ठमुदरं इव गब्भिनीया,
चिञ्चाय दुट्ठवचनं जनकाय मज्झे ।
सन्तेन सोम विधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जय मङ्गलानि ॥५॥



Downloaded from http://dhamma.digital/

सच्चं विहाय मतिसच्चक वादकेतुं,
वादा भिरोपितमनं अतिअन्धभूतं ।
पञ्ञापदीप जलितो जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमङ्गलानि ॥६॥

नन्दोपनन्द भुजगं विबुधं महिद्धिं,
पुत्तेन थेर भुजगेन दमापयन्तो ।
इद्धूपदेस विधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमङ्गलानि ॥७॥

दुग्गाहदिट्ठि भुजगेन सुदट्ठहत्थं,
ब्रह्मं विसुद्धि जुतिमिद्धि बकाभिधानं ।
ञाणागदेन विधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमङ्गलानि ॥८॥

एतापि बुद्ध जयमङ्गल अट्ठगाथा,
यो वाचको दिन दिने सरते मतन्दी ।
हित्वान नेकविविधानि चुपद्दवानि,
मोक्खं सुखं अधिगमेय्य नरो सपञ्ञो ॥९॥

*यो विवाह मङ्गलमा पाठ गर्ने सूत्र हो ।*

## कोही व्यक्ति मृत्यु हुने बेला पढ्ने श्लोक

**अनिच्चावत संखारा उप्पाद वय धम्मिनो**
**उप्पज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



Downloaded from http://dhamma.digital/

# जयमङ्गल गाथाको अर्थ

जिन मुनीन्द्र (=बुद्ध) ले सुदृढ हथियारलाई धारण गरेर सहस्र भुजा (हात) भएको, गिरिमेखला नाम गरेको हाथीमा चढेर अत्यन्त भयानक सैनिक सहित आएको मारलाई आफूले गरेको दान आदि धर्मको बलद्वारा पराजित गरी विजयी हुनु भयो, वहाँ भगवान् बुद्धको प्रभावले तिम्रो मङ्गल होस् ॥१॥

जिन मुनीन्द्रले मारको अतिरिक्त सम्पूर्ण रात संग्राम गर्नेहरू र घोर दुर्दान्त कठोर हृदय भएको आलवक नामक यक्षलाई शान्ति (सहन शीलता) र संयमको बलबाट पराजित गरी विजयी हुनु भयो, उहाँ भगवान बुद्धको प्रतापले तिम्रो जय मङ्गल होस् ॥२॥

जिन मुनीन्द्रले दन्किरहेको आगो (दावाग्नि चक्र) र विद्युतको समान अत्यन्त दारुण तथा अत्यन्त मदमत्त (मत वाला) नालागिरी हाथीलाई मैत्रीरूपी जलको बर्षा गरिकन विजयी हुनु भयो, उहाँ भगवान् बुद्धको प्रतापले तिम्रो कल्याण होस् ॥३॥

जिन मुनीन्द्रले अत्यन्त भयानक हातमा तलवार लिएको हजारौं कोससम्म दगुर्न सक्ने अंगुलिमाललाई आफ्नो ऋद्धिद्वारा जित्नु भयो, वहाँ भगवान् बुद्धको प्रतापले तिम्रो जयमङ्गल होस् ॥४॥

जिन मुनीन्द्रले पेटमा काष्ठ (काठ) बाँधेर जनताको बिच गर्भिणी समान भई चिच्याएको अपशब्दलाई शान्त र सौम्यबलद्वारा जित्नु भयो, उनी भगवान् बुद्धको प्रतापले तिम्रो जयमङ्गल होस् ॥५॥



Downloaded from http://dhamma.digital/

जिन मुनीन्द्रले सत्यलाई छोडी असत्यवादी, अभिमानी, बाद-विवाद, परायण र अहंकारले अत्यन्त अन्धा भएको सच्चक नामक परिव्राजकलाई प्रज्ञा-प्रदीप बालेर जित्नु भयो, उहाँ भगवान् बुद्धको प्रभावले तिम्रो कल्याण होस् ॥६॥

जिन मुनीन्द्रले अनेक महाऋद्धि सम्पन्न नन्दोपनन्द नाम भुजंगलाई आफ्नो पुत्र (शिष्य) महामौद्गल्यायन स्थविरद्वारा आफ्नो ऋद्धि, शक्ति र उपदेशको बलले जित्नु भयो, उहाँ भगवान् बुद्धको प्रतापद्वारा तिम्रो कल्याण होस् ॥७॥

जिन मुनीन्द्रले भयानक मिथ्यादृष्टि (अन्ध विश्वास) रूपी सर्पद्वारा टोकेको विशुद्ध ज्योति र ऋद्धि शक्ति सम्पन्न बक नामक ब्रह्मालाई ज्ञानरूपी औषधी दिएर जित्नु भयो, उहाँ भगवान् बुद्धको प्रतापले तिम्रो कल्याण होस् ॥८॥

जो कोही पाठक पनि बुद्धको यी आठ जयमङ्गल गाथा (श्लोक) लाई अल्सी नभइकन हरेक दिन पाठ गर्छन्, त्यो बुद्धिमान व्यक्ति नानाप्रकारका उपद्रवहरूबाट मुक्त भई मोक्ष (निर्वाण) सुखलाई प्राप्त गर्न सक्छ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# विवाह मङ्गलमा दुलहाले कबुल गर्ने विधि

श्री (मङ्गल प्रसाद तामाङ्ग) को छोरा (प्रेम प्रसाद तामाङ) यहाँ अगाडि बसेका (गण बहादुर गुरुङको छोरी सुशीला गुरुङ अथवा निर्मला तामाङ) संग मेरो आफ्नो इच्छाले दम्पति जीवन बिताउने निधोगरी यहाँहरू भिक्षु संघको समक्ष अथवा बुद्धमूर्ति समक्ष बसी बुद्धका उपदेश गृही-विनय अनुसार आजीवन पत्नीव्रत धर्म पालन गर्ने छु र जुनसुकै सुख दुःखमा पनि सहभागी भइरहनेछु ।

(तीन पटक)

त्यस्तै दुलहीले पनि कबुल गर्नु पर्ने छ ।





Downloaded from http://dhamma.digital/

# विवाह मङ्गल कार्यक्रम

१. दुलहा दुलही दुबैजना विहारमा गई पुष्पमाला वा फूलको गुच्छा बुद्धमा चढाउने ।

२. मैनबत्ती ३ या ५ र धूप बत्ती दुबै मिलेर जलाउने ।

३. तीन पटक भुँइमा घुँडा टेकेर वन्दना गर्ने ।

४. त्यसपछि त्रिशरण पञ्चशील प्रार्थना गर्ने ।

५. भिक्षुले वा बौद्ध आचार्यले बुद्ध पूजा गराउने ।

६. दुलहा दुलहीहरूलाई कबुल गराएपछि जयमङ्गल गाथा पाठ गरी विवाह मङ्गल गरिदिने ।

७. जयमङ्गल पाठ सिद्धिनासाथ दर्शक वर्ग वा भाइ बन्धुहरूको पहिलो साधुकारमा दुलहीले दुलहामा पुष्प माल्यार्पण गरिदिने ।

८. दोश्रो साधुकारमा दुलहाले दुलहीलाई पुष्पमाला लगाइदिने ।

९. तेश्रो साधुकारमा दर्शकवर्ग अथवा सम्बन्धीवर्गले पुष्प वर्षा गरेर ताली बजाउने ।

१०. औंठी लगाइदिने । (अनिवार्य छैन)



Downloaded from http://dhamma.digital/

११. भिक्षु वा बौद्ध आचार्यद्वारा महामङ्गल पाठ गरी आशीर्वाद दिने। उक्त अवसरमा कलशमा पानी भरेर त्यसमा बोधिवृक्षको केही पात अथवा फूलहरूले छोपी तीनसूते धागो कलशबाट लगी दुलहा दुलहीको हातमा समात्न लगाउनु पर्छ।

१२. महामङ्गल पाठ पढिसकेपछि सूत्र धागो बाँधी दिने।

१३. पति पत्नीको कर्तव्याकर्तव्यको बारे उपदेश दीइ जानकारी दिलाउने।

१४. सम्धीहरूको मिलन र परस्पर फूलमालाको आदान प्रदान गर्ने।

१५. आ-आफ्नो श्रद्धा अनुसार दुलहा दुलहीलाई उपहार दिन सक्छन्।



Downloaded from http://dhamma.digital/

# बौद्ध त्यौहार

बौद्ध धर्म अनुसार प्रत्येक महिनामा चारदिन उपोसथ-व्रतमा रहने नियम बनाएको छ । यी हुन् शुक्लपक्ष र कृष्णपक्ष दुवैका अष्टमी, पूर्णिमा र अमावस्या (औंसी) त्यस दिन अष्टशीलको पालन गर्छन्, यस बाहेक एक वर्षमा चार ठूला महापर्व छन् । यी हुन् -

१. वैशाख पूर्णिमा, २. आषाढ पूर्णिमा,

३. आश्वीन पूर्णिमा र ४. माघ पूर्णिमा

बर्मामा ज्येष्ठ पूर्णिमाको दिनमा पनि त्यौहार मनाइन्छ । त्यौहारको दिनमा त्रिरत्न पूजा, वन्दना, दान, शील र भावना आदि पुण्यकर्म गर्दछन् । उक्त दिनमा अष्टशील पालन गर्नु महान फलदायी सम्झिन्छन् ।

## १. वैशाख पूर्णिमा

यसै दिन भगवान् गौतम बुद्धको लुम्बिनीमा जन्म भएको थियो । यसै दिन उहाँले बुद्धगयामा बोधिवृक्ष (पिपलबोट) को मुनि बसेर बुद्धत्व प्राप्त गर्नु भएको थियो र यसै दिनमा दुई वटा शालवृक्षको बिच उहाँको महापरिनिर्वाण (मृत्यु) भएको थियो । अत: यी दिन तीनप्रकारले पवित्र र बौद्धहरूको महान पवित्र पर्व हो । यस दिनमा सारा विश्वका बौद्धहरू जम्मा भई बुद्ध जयन्ती मनाउँछन् ।



Downloaded from http://dhamma.digital/

## २. जेष्ठ पूर्णिमा

यसै दिन भगवान बुद्धले कपिलवस्तुमा महासमय सुत्त (सूत्र) को उपदेश दिनु भएको थियो। बौद्ध देशहरूमा यस पर्वलाई पनि समारोह झैं मनाउँदछन्। श्रीलंकामा त धुमधामसंग यो उत्सव मनाउदछ, किनकि यसै दिन सम्राट अशोकका पुत्र भिक्षु महेन्द्र महास्थविरको श्रीलंकामा पदार्पण भएको थियो।

## ३. आषाढ पूर्णिमा

यसै दिन बोधिसत्वले महामाया देवीको कोखमा प्रवेश गर्नु भएको थियो। यसै दिन सिद्धार्थ गौतमले महाभिनिष्क्रमण गर्नु भएको थियो। दरवार छोडेर जानु भएको थियो र बुद्धत्व प्राप्त भएपछि सर्वप्रथम वाराणसीको नजिकै ऋषिपतन मृगदाय (सारनाथ) मा धर्मचक्र-प्रवर्तन गर्नु भएको थियो अथवा उपदेश दिनु भएको थियो।

आजैको दिन भिक्षुहरू वर्षावासको अधिष्ठान गर्छन् र एकै ठाउँमा तीन माससम्म वास बस्ने व्रत ग्रहण गर्छन्।

## ४. आश्वीन पूर्णिमा

यसै दिन भिक्षुहरूको वर्षावास समाप्तिको बेला प्रवारणा गर्छन्। बौद्धहरू यस पर्वलाई धुमधामले पवारण उत्सव मनाउँछन्।

## ५. माघ पूर्णिमा

यसै दिन भगवान् बुद्धले बैशालीको सारन्दर चैत्यमा आयु-संस्कारलाई त्याग गर्नु भई "आजको तीन महिना पछि तथागत (बुद्ध) को परिनिर्वाण हुनेछ" भनी घोषणा गर्नु भएको थियो।



Downloaded from http://dhamma.digital/

## ६. नाग पञ्चमी

यो पर्व श्रावण शुक्ल ५ का दिन मनाइन्छ। यो भारतवर्षको प्राचीन इतिहास-प्रसिद्ध सुसभ्य नाग जातिको पर्व हो। नाग जातिहरू भगवान् बुद्धलाई पूजा गर्छन्, शील ग्रहण गर्छन् र धर्म श्रवण गर्छन्। भिक्षुहरूलाई भोजन दान दिन्छन्। यसरी आनन्दपूर्वक दिन बिताउँछन्।

## ७. विजया दशमी

यो पर्व आश्विन शुक्ल १० का दिन मनाउँछन्। यसै दिन सम्राट अशोकले कलिंग युद्धमा विजय प्राप्त गरी "अब देखि म शस्त्रद्वारा हिंसात्मक विजयको काम नगरिकन धर्म प्रचारद्वारा अहिंसात्मक विजय गरुँला" भनी प्रतिज्ञा गर्नु भएको थियो। हिंसापूर्ण युद्धद्वारा पीडित जनता महान बौद्ध सम्राटको यस घोषणालाई सुनेर बडो हर्ष र उल्लासका साथ यस महत्वपूर्ण ऐतिहासिक दिनलाई सदा स्मरण गरिराख्नको लागि यस दिनलाई महान पर्व बनाएको थियो। यस दिन बुद्ध पूजा, शील ग्रहण, धर्म श्रवण र दान आदि पुण्य-कार्य गरेर उत्सव मनाउँछन्।

साह्रै दु:खको कुरो हो बुद्ध जन्मभूमि हाम्रो देश नेपाल भने यो पर्व काटमार आदी गरेर मनाउँछन्।



Downloaded from http://dhamma.digital/

# नेपाली भाषा

(१) नेपाल चीन मैत्री
(२) मैले बुझेको बुद्ध धर्म
(३) बौद्ध दर्शन
(४) नारी हृदय
(५) बुद्धको व्यवहारिक धर्म
(६) पञ्चशील
(७) शान्ति
(८) बौद्ध ध्यान
(९) पेकिङ्ग स्वास्थ्य निवास
(१०) बौद्ध संस्कार
(११) बुद्धको विचारधारा
(१२) बौद्ध जगतमा स्वास्थ्य सेवा
(१३) निरोगी
(१४) बौद्ध नैतिक शिक्षा भाग-१
(१५) बुद्ध र बुद्ध धर्मको ...
(१६) बौद्ध ज्ञान
(१७) धर्म चिन्तन
(१८) सम्यक शिक्षा भाग-१
(१९) आर्यसंस्कृति
(२०) आर्य शील र आर्य मार्ग
(२१) सम्यक शिक्षा भाग-२-३
(२३) नारीहरूमा पनि बुद्धि छ
(२४) बुद्धकालीन संस्कृति

Downloaded from http://dhamma.digital/

## लेखकको छापीसकेको अरू पुस्तकहरू

### (लेखकया छापे जुइ धुंकुगु मेमेगु सफूत)

### नेपाल भाषा

(१) गौतम बुद्ध
(२) बुद्धया अर्थनीति (संयुक्त)
(३) तथागत हृदय
(४) त्याग
(५) दश संयोजन
(६) भिक्षुया पत्र भाग-१,२
(८) पेकिङ्ग स्वास्थ्य निवास
(९) बौद्ध शिक्षा
(१०) न्हापां याम्ह गुरु सु ?
(११) माँ-बौ लुमन
(१२) हृदय परिवर्तन
(१३) बौद्ध ध्यान भाग-१, २
(१५) बाखँ भाग-१,२,३,४,५,६
(२१) भिक्षु जीवन
(२२) भिंम्ह मचा
(२३) बाखँया फल भाग-१, २
(२५) धम्मचक्कप्पत्तन सुत्त
(२६) क्षान्ति व मैत्री
(२७) बोधिसत्व
(२८) मूर्खम्ह पासा मज्यू
(२९) श्रमण नारद
(३०) ईर्ष्या व शंका
(३१) चरित्र पुचः भाग-१,२
(३३) योगिया चिठ्ठी
(३४) पालि प्रवेश भाग-१,२
(३६) धर्म मसीनि
(३७) सर्वज्ञ भाग-१, २
(३९) दुःख मदैगु लँपु
(४०) शिक्षा भाग-१,२,३,४
(४४) दान
(४५) चमत्कार
(४६) बुद्धया व्यवहारिक पक्ष धर्म
(४७) व्यवहारिक प्रज्ञा
(४८) दीर्घायु जुइमा
(४९) ज्ञानमार्ग भाग-१,२
(५१) बौद्ध नैतिक शिक्षा
(५२) झिगू बन्धन
(५३) मनू ह्मसीकेगु गय्
(५४) संस्कृति
(५५) बुद्धया करूणा व ब्रह्मदण्ड
(५६) धर्मया ज्ञान
(५७) कर्म व कर्मफल
(५८) पहिलो गुरु को हुन् ?
(५९) बौद्ध संस्कार

मुद्रकः न्यू नेपाल प्रेस, शुक्रपथ, फोनः २५९०३२, २५९४५० फ्याक्सः (९७७-१) २५८६७८ • प्रेसः ४३४८५०, ४३४७५३

Downloaded from http://dhamma.digital/